# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२ खण्ड: ७ संख्या :५

**पारित भएको मिति: २०८२/०८/२८**

**प्रकाशन मितिः २०८२/०९/०३**

# हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

आरुघाट गाउँपालिका, गोरखा

# हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

## प्रस्तावना

नेपालमा पछिल्लो समय बढ्दै गएको बजारीकरण र कृषि क्षेत्रमा आधुनिकीकरणका कारण स्थानीय परम्परागत कृषि प्रणाली लोप हुने अवस्थामा परिरहेको सन्दर्भमा गोरुपालन पेशा समेत लोप हुने अवस्था विद्यमान छ। व्यावसायिकीकरण तर्फ आकर्षित भएका कृषकहरुले उन्नत जातका पशुपालन गर्ने र धेरै उत्पादन गर्ने होडबाजीका कारण आधुनिक उपकरण तथा औजार प्रयोग गर्दा स्थानीय गोरु अव्यवस्थित हुने र लोप हुने अवस्थामा पुगेका छन। गोरखा जिल्ला भौगोलिक विविधताले भरिपूर्ण जिल्ला हो। यसरी गोरु पालन गरी खेत जोत्ने तथा खेतिको लागी आवश्यक प्राङ्गारिक मल उत्पादन गरि परम्पराको संरक्षण गर्ने र जोतेर जिविको पार्जन गर्ने किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी आरुघाट गाउँपालिकाले यो कार्यविधी तयार गरेको छ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "**हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२**" रहने छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा**

क. **"कार्यालय"** भन्नाले आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ

ख. **गाउँपालिका"** भन्नाले आरुघाट गाउँपालिका सम्झनु पर्दछ ।

ग. **"अध्यक्ष"** भन्नाले आरुघाट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ. **"उपाध्यक्ष"** भन्नाले आरुघाट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले आरुघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च. **"कार्यपालिका"** भन्नाले आरुघाट गाउपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

छ . **"कार्यक्रम"** भन्नाले आरुघाट गाउपालिकामा हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्न विनियोजित कार्यक्रम तथा बजेट सम्झनु पर्दछ ।

ज. **"कृषक"** भन्नाले आफ्नै हल गोरु भएको व्यक्ति सम्झनु पर्दछ।

झ. **"शाखा"** भन्नाले आरुघाट गाउँपालिका पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

ञ. **"वडा"** भन्नाले आरुघाट गाउँपालिका अन्तर्गतका वडा सम्झनुपर्दछ ।

## परिच्छेद २

### ३. कार्यक्रम संचालन प्रकिया

क) कार्यक्रम संचालनका लागि गाउँपालिकाको पशु सेवा शाखाले १५ दिनको समय सिमा राखी अनुसुची १ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

ख) कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुले अनुसुची २ बमोजिमको निवेदन समय सिमा भित्र आरुघाट गाउँपालिका पशु सेवा शाखामा पेश गर्नुपर्नेछ ।

**निवेदन पेश गर्दा समावेश गर्नुपर्ने कागजातहरुः-**

१. हलगोरुको पहिचानका लागि लगाईएको पशु पहिचान संकेत नम्बर (TAG) नम्वर।
२. पहिचान गरिएका हल गोरुको बिमा विमालेखको छायाँप्रति ।
३. नागरिकताको फोटोकपी ।
४. बैङ्कको खाता नं. उल्लेख भएको चेकको फोटोकपी।
५. अनुसुची ३ बमोजिमको कम्तिमा तिन वर्ष हल गोरु पालेको र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र साथै हाल गोरु पालिरहेको व्यहोरा ठिक साचो हो भनि स्थानीय साक्षीको दस्तखत सहित सम्बन्धित वडा कार्यालयको सिफारिस र साक्षीको नागरिकताको फोटोकपी ।
६. निवेदक र हल गोरु संयुक्त रुपमा देखिने फोटो ।

ग) आवेदकलाई जानकारीः आवेदक कृषक छनोट भए लगतै सम्वन्धित कृषकलाई जानकारी कार्यालयले गर्ने छ ।

## परिच्छेद ३

### ४. मुल्याङकन तथा छनौट विधि

- ✓ निवेदन संकलन गरी सुचिकृत भएका कृषक मध्ये अनुसुची ४ बमोजिमको मापदण्डलाई ध्यानमा राखी अनुगमन गर्नु पर्ने छ र अनुगमन पश्चयात प्राप्त प्रतिवेदन अनुसार उपयुक्त कृषक छनौटको लागी अनुगमन तथा मुल्यांकन समितिले मुल्याङ्कन गरि छनोट गर्नेछ ।
- ✓ अन्तिम सुचीमा पर्न सफल किसान/आवेदकलाई भुक्तानी निजको बैंक खातामा गाउँपालिका बाट गरिने छ ।

**५. अनुगमन तथा मुल्याङकन समिति**

अनुगमन तथा मुल्यांकनका लागि अनुसुची ४ लाई आधार मानि गर्नुपर्ने छ । अनुगमन र मुल्यांकनका लागि निम्न बमोजिमको समिति रहने छ।ः

१.अध्यक्ष- संयोजक
२.उपाध्यक्ष- सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत- सदस्य
४,आर्थिक बिकास समिति संयोजक —सदस्य
५,प्रशासन ,योजना अनुगमन तथा मुल्यांकन शाखा प्रमुख —सदस्य
६,लेखा शाखा प्रमुख —सदस्य
७, पशुपन्छी विकास शाखा प्रमुख- सदस्य सचिव

## परिच्छद ४

**६. भुक्तानीको प्रक्रिया**

क) छनौट भएका कृषकहरुलाई प्रति हल गोरु बराबर रु १०,०००।(दश हजार रुपैया) का दरले निजले उपलब्ध गराएको बैंक खाता मार्फत प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

**७. संशोधनः** यो कार्यविधि कार्यान्वयनको क्रममा बाधा अडचन आइपरेमा गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ ।

**८. बचाउः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची १

(दफा ३ सँग सम्बन्धीत)

## सूचना

### प्रथम पटक प्रकाशित मितिः-.................

आरुघाट गाउँपालिकाको आ.व. .......................को बार्षिक स्वीकृत कार्यक्रम अनुसार हल गोरु पालेका कृषकलाइ प्रोत्साहन कार्यक्रमको माध्यमवाट स्वरोजगार सृजना गर्ने साथै गोरुले खेत जोति खेति गर्ने परम्पराको संरक्षण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक वाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक कृषकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु सेवा शाखामा दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ

तपसिल

१. हलगोरुको पहिचानका लागि लगाईएको पशु पहिचान संकेत नम्बर (TAG) नम्वरको फोटो ।
२. पहिचान गरिएका हल गोरुको बिमा विमालेखको छायाप्रति ।
३. नागरिकताको छायाँप्रति ।
४. बैङ्कको खाता नं. उल्लेख भएको चेकको छायाँप्रति ।
५. अनुसुची ३ बमोजिमको कम्तिमा तिन वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र ।
६. निवेदक र हल गोरु संयुक्त रुपमा देखिने फोटो ।

## अनुसूचि-२

आवेदन पत्र

मितिः

श्री, प्रमुख प्रशासकीय अधिकृत ज्यू
आरुघाट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यलय
आरुघाट, गोरखा

विषयः- हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रममा अनुदान रकम उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्वन्धमा आरुघाट गाउँपालिका वडा नं. ........ निवासी म .....................................ले तपसिलको विवरण रहेको हल गोरु पालन पोषण गरेको हुँदा तहाँ शाखाको मिति .......................... गतेको सुचना अनुसार पाउँनु पर्ने हल गोरु पाले बापत पाउने सुविधा/रकम उपलब्ध गराई पाउँ भनी तपसिलका कागजात सङ्लग्न गरी यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. हल गोरु संख्याः- ..........................
२. प्रतिवद्धता पत्र
३. सङ्लग्न कागजातहरुः

- नागरिकताको प्रतिलिपी
- बैङ्कको चेक छाँया प्रति
- हल गोरु सहित पशु पालकको फोटो

निवेदकको दस्तखतः

नामः-

ठेगानाः-

फोन नं.

**अनुसूचि-३**

मितिः-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
आरुघाट गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यलय
आरुघाट, गोरखा ।

विषयः- प्रतिवद्धता सम्वन्धमा ।

महोदय, उपरोक्त सम्वन्धमा म यसै आरुघाट गाउँपालिका वडा नं. .......... निवासी म ..................................... ले विगत ३ वर्ष देखी नै ................. गोटा हल गोरु पालन गरी खेती गरिरहेको र तहाँ पशु सेवा शाखाको मिति.................. गते प्रकाशित सुचना अनुसार हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रममा छनौट भएमा कम्तिमा तिन वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा सङ्लग्न हुने प्रतिवद्धता जाहेर गर्दछु ।

साक्षि
नाम :-
ठेगानाः-
सम्पर्क नं

माथि उल्लेखित बिवरण झुठो ठहरिएमा साक्षि बस्ने वालालाई ३ वर्ष सम्म गा.पा. बात कुनैपनि अनुदान दिइनेछैन ।

अनुसूची ४

(दफा ४ सँग सम्बन्धित)

हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रममा कृषक छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

| क्र.सं. | कृषकको नाम | ठेगाना | कम्तिमा ३ वर्ष भन्दा बढि अवधि देखी हल गोरु पालन गरेको लाई (३०) | तिन वर्ष देखी हल गोरु पालन गरेको लाई (२०) | आफ्नो मात्र खेत जोत्ने कृषक लाई (१०) | अन्य कृषकको पनि खेत जोत्ने कृषक लाई (२०) | दलित,जनजाति सिमान्तकृत (१०), | विपन्न वर्गका समुदाय (१०) | कुल प्राप्ताङ्क (७०) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत